**प्राज्ञिक विमर्श**, **वर्ष ७, अङ्क**, १३, २०८२ **वैशाख**, ISSN 2676–1297

# भाषावैज्ञानिक आधारमा नेपाली भाषाका वर्ण व्यवस्था

❋ओमप्रकाश आचार्य
omacharya3851@gmail.com

***अध्ययनसार***

*नेपाली भाषा भारोपेली परिवारको शतम् वर्गको भाषा हो । यस भाषाको भाषिक व्यवस्थामा वर्णव्यवस्था छ। नेपाली भाषाको वर्णव्यवस्था कस्तो छ ? कुन वर्णव्यवस्थाले कुन वार्णिक ध्वनि पैदा गर्दछ ? नेपाली भाषामा के कस्ता वर्णहरू छन् ? तिनको के कस्तो स्थान छ ? जस्ता अनुसन्धेय प्रश्नहरूको समाधानका लागि भाषावैज्ञानिक आधारले अध्ययन गरी नेपाली भाषामा रहेका वर्णहरूको पहिचान गर्नु, नेपाली भाषाका वर्णहरूको भाषावैज्ञानिक आधारले वर्गीकरण गर्नु यस अनुसन्धानात्मक लेखको मुख्य उद्देश्य हो । पुस्तकालयीय र प्रयोगपरक क्षेत्रको अध्ययन आधारमा गुणात्मक ढाँचा अवलम्बन गरिएको यस लेखमा प्राप्त तथ्याङ्कहरूको व्याख्या विश्लेषण वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा गरिएको छ । अध्ययनको प्राप्तिमा नेपाली भाषामा खण्डीय र खण्डेत्तर वर्ण रहेका छन् । खण्डीय वर्णअन्तर्गत स्वरवर्ण, व्यञ्जनवर्ण र द्विस्वरवर्णहरू छन् भने खण्डेतर वर्णअन्तर्गत मात्रा, वलाघात, अनुनासिकता, लय, श्वसन, विराम/संहिता रहेका छन् । स्वरवर्ण र व्यञ्जनवर्णलाई वैज्ञानिक आधारमा विश्लेषण गर्दा स्वरवर्ण आक्षरिक र व्यञ्जनवर्ण अनाक्षरिक देखापर्दछ । खण्डेत्तरवर्णहरू खण्डीयवर्णका सहायतामा नेपाली भाषाको अभिव्यक्तिमा देखापर्दछन् । अध्ययन आधारमा नेपाली भाषाका स्वरवर्ण ६ वटा व्यञ्जनवर्ण २९ वटा र द्विस्वरवर्ण १० वटा छन् भने प्रयोगगत आधारमा स्वरवर्ण १३ वटा , व्यञ्जनवर्ण ३६ वटा छन् । खण्डेतरवर्ण अध्ययनका आधारमा ६ वटा छन् भने प्रयोगका आधारमा ७ वटा छन् । यस लेखले नेपाली भाषाको वर्णव्यवस्थाको थप अध्ययन गर्ने अध्ययनकर्मी र अनुसन्धातालाई मद्दत गर्नेछ भन्ने निष्कर्ष रहेको छ ।*

**मुख्य शब्दावली** : खण्डीयवर्ण, खण्डेत्तरवर्ण, स्वरवर्ण, व्यञ्जनवर्ण, द्विस्वरवर्ण, मात्रा ।

## विषयपरिचय

विश्वमा बोलिने हरेक भाषाको व्यवस्थामा वर्ण हुने गर्दछ । भाषामा वर्ण आधारस्तम्भ नै हो । तिनको संरचनामा भिन्नता अवस्य हुन्छ । विश्वमा बोलिने प्रमुख भाषा परिवारमध्ये भारोपेली भाषापरिवारको एक प्रमुख भाषा नेपाली हो । नेपाली भाषा नेपाल, भारत, भुटानलगायत विश्वका अन्य मुलुकहरूमा बोलिन्छ । नेपालको सरकारी कामकाजको भाषा नेपाली भाषा हो । यो नेपालभरि प्रयोग गरिन्छ । नेपाली भाषा सम्पन्न, समृद्ध भाषा हो । यस भाषामा साहित्यिक विधा सिर्जना, व्याकरण निर्माण, शब्दकोश निर्माण, विभिन्न साहित्यिक भाषिक गोष्ठी, सेमिनार सञ्चालन, सञ्चारका साधनहरूमा अधिकांश प्रयोग, पत्रपत्रिका, साहित्यिक जर्नल प्रकाशन, पाठ्यक्रम, पाठ्यपुस्तक लेखन अध्ययन अनुसन्धान पर्याप्त मात्रामा भइसकेको र भइरहेका छन् । यसैमा नेपाली भाषाको वर्ण व्यवस्थाको वैज्ञानिक तवरले अध्ययन विश्लेषण गर्नु यस लेखको उद्देश्य हो । नेपाली भाषाको वर्णव्यवस्था वर्णसंरचनाका सम्बन्धमा भाषावैज्ञानिकताका आधारले यस लेखमा अध्ययन गरिएको छ। खण्डीयवर्ण र खण्डेत्तरवर्णका आधारमा नेपाली भाषामा रहेका वर्णहरूको अध्ययन यस लेखमा गरिएको छ । खण्डीयवर्णअन्तर्गत रहेका स्वरवर्ण, द्विस्वरवर्ण र व्यञ्जनवर्णको उच्चारण अवस्था एवम् खण्डेत्तरवर्णको प्रयोगावस्थाका सम्बन्धमा यसलेखमा वैज्ञानिक आधारबाट अध्ययन विश्लेषण गरिएको छ । नेपाली भाषामा के कति वर्ण छन् ? तिनको वर्गीकरणका आधार के के हुन्? कुन वर्गीकरणमा कस्ता वर्ण पर्दछन् ? भन्ने अनुसन्धानात्मक प्रश्नहरू नै यस अनुसन्धानात्मक लेखका समस्या हुन् । नेपाली भाषामा रहेका वर्ण र तिनको वर्गीकरणका सम्बन्धमा वैज्ञानिक ढाँचामा अध्ययन गर्न भाषावैज्ञानिक आधारमा नेपाली भाषाका वर्णको अध्ययन शीर्षकमा लेख तयार पारिएको छ ।

❋ **लेखक जुम्ला बहुमुखी क्याम्पस, जुम्लामा कार्यरत हुनुहुन्छ ।**

नेपाली भाषाका वर्णहरू निर्धारण गर्नु, निर्धारित वर्णहरूको वर्गीकरण गर्नु, यस लेखका मुख्य उद्देश्य हुन् । यिनै उद्देश्यमा केन्द्रित भएर नेपाली भाषामा रहेका वर्णहरूको यसलेखमा अध्ययन गरिएको छ । प्रस्तुत लेख नेपाली भाषाका खण्डीय र खण्डेतरवर्णमा मात्र सीमित रहेको छ । यसको अध्ययन क्षेत्र नेपाली भाषाका स्वरवर्ण, व्यञ्जनवर्ण, द्विस्वरवर्ण र खण्डेत्तरवर्ण अन्तर्गत मात्रा, बलाघात, अनुनासिक, विराम/संहिता, लय र श्वसन हुन् । नेपाली भाषाका वर्णसम्बन्धी गरिएका अध्ययन अनुसन्धान, प्रकाशित नेपाली भाषा व्याकरण, शब्दकोश पत्रपत्रिका, जर्नलमा रहेका लेख्य सामग्रीको पुनरावलोकन गरिएको छ । पुस्तकालयीय अध्ययन विधि अवलम्बन गरिएको यो गुणात्मक ढाँचाको अध्ययन हो । नेपाली भाषाका व्याकरण, शब्दकोश, नेपाली भाषाका वर्णव्यवस्थाका सम्बन्धमा लेखिएका लेख गरिएका अनुसन्धान यसलेखका तथ्याङ्कका स्रोत र सङ्कलित सामग्री हुन् भने यसलेखको व्याख्यात्मक ढाँचा वर्णनात्मक र विश्लेषणात्मक रहेको छ ।

प्रस्तुत लेखमा नेपाली भाषामा रहेका खण्डीय र खण्डेतरवर्ण अन्तर्गत स्वरवर्ण, द्विस्वरवर्ण, व्यञ्जनवर्ण मात्राका आधारमा, बलाघातका आधारमा, अनुनासिकताका आधारमा, लय, विराम र श्वसनका आधारमा रहेका वर्णहरूको अध्ययन गरी विश्लेषण गरिएको छ ।

**खण्डीय वर्ण**

भाषिक एकाइअन्तर्गत पर्ने उच्चारणमा सबभन्दा तल्लो विभेदक ध्वनि नै वर्ण हो । मानव अवयवबाट उच्चरित ध्वनिलाई मूर्तरूप दिन वर्णको आवश्यकता पर्दछ । यस्ता वर्णहरू टुक्राउन सकिने प्रकृतिका हुन्छन् । स्वतन्त्र रूपमा उच्चरित हुनसक्ने वा टुक्राकउन सकिने वर्ण नै खण्डीय वर्ण हुन् । पूर्वीय एवम् पाश्चात्य दुवै तर्फका वैयाकरण र भाषाचिन्तकहरूले सम्पूर्ण खण्डीय वर्णलाई स्वर र व्यञ्जनवर्णभित्र राखेर वर्णन गरेका छन् ( न्यौपाने, २०५१,पृ. १२८) । वर्णलाई टुक्राएर अध्ययन गर्न सकिने वर्णहरू खण्डीय वर्ण हुन् । नेपाली भाषामा रहेका यस्ता खण्डीयवर्णलाई स्वरवर्ण र व्यञ्जनवर्णमा राखेर अध्ययन गरिएको छ ।

**स्वरवर्ण**

भाषिक एकाइको उच्चारण गर्दा कुनै अर्को ध्वनिको सहायता लिन नपर्ने ध्वनि भनिएपनि आधुनिक भाषाविज्ञानको सिद्दान्तअनुसार श्वासप्रवाहमा बाधा नपरी उच्चारण हुने वर्ण नै स्वरवर्णअन्तर्गत पर्दछन् । कुनै उच्चारण स्थानमा नठोकिइ वा श्वासप्रवाहमा बाधा नपरी उच्चारण हुने वर्णलाई स्वरवर्ण भनिन्छ ( अधिकारी , २०५७,पृ. ४) । उच्चारण, श्रुति, उत्कृष्टता र गुणात्मक परिवर्तनका दृष्टिले स्वरलाई दुई भागमा बाड्न सकिन्छ : एकस्वर र द्विस्वर ( न्यौपाने , २०५१,पृ. १३१) । यसरी स्वरवर्णलाई भाषवैज्ञानिक आधारले निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

**जिब्राको उचाइका आधारमा**

जिब्रो उच्च, मध्य, निम्न स्थानमा चलायमान अवस्थामा रहँदा उच्चरित हुने वर्ण जिब्राको उचाइका आधारमा स्वरवर्ण निर्धारण हुन्छन् । उच्चारण गर्दा जिब्रो उठ्ने र त्यसले लिने स्थानका आधारमा स्वरवर्णलाई जिब्राको उचाइका आधारमा वर्गीकरण गरिन्छ (अधिकारी २०५७,पृ. ४) । नेपाली भाषामा रहेका स्वरवर्णलाई जिब्राका उचाइका आधारमा वर्गीकरण गर्नुपर्दा उच्च , मध्य र निम्न भनेर गरिन्छ ।

**उच्चस्वर** : जिब्राले उचाइ लिएर मात्र स्वरवर्णहरू उच्चरित हुने स्थितिमा नेपाली भाषाका उच्चस्वर हुन् । यसअन्तर्गत इ , उ स्वरवर्ण पर्दछन् ।

**मध्यस्व** : जिब्रो केही मात्रामा उठेर बाँकी भाग मुख विवरको मध्यावस्थामा हुँदै गर्दा उच्चरित हुने स्वरवर्णहरू मध्यस्वर हुन् । नेपाली भाषाका मध्यस्वरहरू ए , ओ वर्ण हुन् ।

**निम्नस्वर** : जिब्रो नउठिकन निम्न अवस्थामा रहँदै गर्दा उच्चरित हुने स्वरवर्णहरू निम्न स्वरवर्णहरू हुन् । नेपाली भाषामा निम्न स्वरवर्णहरू अ, आ हुन् ।

**जिब्राको सक्रियताका आधारमा**

स्वरवर्णको उच्चारण गर्दा जिब्राको कुन भाग कसरी सक्रिय हुँदा वर्णहरू उच्चरित भए त्यसआधारमा जिब्राको सक्रियतालाई लिएर स्वरवर्णको वर्गीकरण गरिन्छ । स्वरध्वनिको उच्चारण जिब्राको कुन भाग (अग्र, मध्य र पश्च) सक्रिय हुन्छ त्यसअनुसार स्वरलाई अग्र, मध्य र पश्च भेदमा राखिन्छ ( न्यौपाने, २०५१,पृ. १३२ ) । नेपाली भाषामा रहेका स्वरवर्णलाई जिब्राको सक्रियताका आधारमा वर्गीकरण गरिन्छ ।

**अग्रस्वर** : स्वरवर्णको उच्चारण गर्दा जिब्राको अघिल्लो भाग सक्रिय हुन्छ भने त्यस्ता स्वरवर्णहरू अग्रस्वर हुन् । नेपाली भाषामा यस्ता स्वरवर्णहरू इ , ए पर्दछन् ।

**मध्यस्वर** : नेपाली भाषामा मध्यस्वरको अवस्था देखिदैन तर कतिपय विद्वानहरूले आ लाई मानेको देखिन्छ । यद्यपि आ स्वरवर्ण उच्चरित हुँदा जिब्राको पश्च भाग नै सक्रिय हुने स्थिति सिर्जना हुने हुँदा आ स्वरवर्ण पश्चस्वरवर्ण नै हो ।

**पश्चस्वर** : स्वरवर्णहरू उच्चरित हुँदा जिब्राको पछिल्लो भाग सक्रिय हुन्छ भने त्यस्ता स्वरवर्णहरूको उच्चरित अवस्था जिब्राको सक्रियताका आधारमा पश्च हो । यी वर्णहरूको उच्चारण गर्दा जिब्राको पछिल्लो भाग सक्रिय रहने गर्दछ ।

**ओठको गोलाइका आधारमा**

स्वरवर्णहरू उच्चारण गर्दा ओठको स्थिति कस्तो हुन्छ ? त्यसका आधारमा स्वरवर्णलाई वर्गीकरण गरिन्छ। कुनै स्वर उच्चारण गर्दा ओठ गोलो हुन्छ र कुनैमा हुँदैन ( अधिकारी, २०६८,पृ. २ ) । त्यसका आधारमा स्वरवर्णलाई वर्गीकरण गरिन्छ ।

**गोलित स्वर** : ओठ गोलो भएर उच्चरित हुने स्वरवर्णहरू गोलित स्वरवर्ण हुन् । नेपाली भाषामा यस्ता स्वरवर्णहरू उ, ओ हुन् ।

**अगोलित स्वरवर्ण** : ओठ गोलो नभएर उच्चरित हुने स्वरवर्णहरू अगोलित स्वरवर्ण हुन् । नेपाली भाषामा अगोलित स्वरवर्णहरू अ, आ, इ, ए हुन् ।

**संयुक्तताका आधारमा**

संयुक्तताका आधारमा स्वरहरू दुई किसिमका हुन्छन् : मूलस्वर र द्विस्वर ( अधिकारी , २०६८,पृ. ३ ) ।

**मूलस्वर** : अर्को स्वरसँग संयुक्त नहुने आधारभूत स्वर नै मूलस्वर हुन् । नेपाली भाषामा मूलस्वरहरू अ, आ, इ, उ, ए, ओ हुन् ।

**द्विस्वर** : दुईस्वरको संयुक्त प्रस्तुतिबाट संरचित स्वर नै द्विस्वर हो । नेपाली भाषामा आइ, उइ, आउ, एइ, ओइ, इउ, एउ, ओउ द्विस्वरवर्ण हुन् ।

**व्यञ्जनवर्ण**

वर्णको उच्चारण गर्दा सासमा अवरोध पैदा भएर वाहिर आउँछ भने त्यस्ता वर्णहरू व्यञ्जनवर्ण हुन् । व्यञ्जनवर्णहरू उच्चारण गर्दा फोक्सोबाट निस्केको सास विधि गतिमा वाहिर आउँदैन ( अधिकारी , २०५७, पृ. ६ ) । नेपाली भाषाका व्यञ्जनवर्णलाई उच्चारण स्थान , प्रयत्न , घोषत्व र प्राणत्वका आधारमा वर्गीकरण गरिन्छ । व्यञ्जन ध्वनिलाई उच्चारण स्थान , उच्चारण प्रक्रिया, घोषत्व र प्राणत्व गरी चार आधारमा वर्गीकरण गरिन्छ ( गौतम र चौलागाई , २०७० ,पृ. ९१ ) ।

**उच्चारण स्थान**

ध्वनि अवयवमा कुन स्थानबाट कस्तो व्यञ्जनवर्णको उच्चारण हुन्छ ? त्यसका आधारमा व्यञ्जनवर्णलाई वर्गीकरण गर्न सकिन्छ । उच्चारण स्थानका आधारमा नेपाली भाषाका वर्णहरूलाई वर्गीकरण गर्ने पहिलो आधार हो । ओठ , दाँत , वर्त्स्य , मूर्धा , उच्चारण स्थान हुन् । यिनै आधारमा नेपाली भाषाका व्यञ्जनवर्णहरू निर्धारण गर्न सकिन्छ ।

**ओष्ठ्य** : दुई ओठको सहायताबाट उच्चरित हुने वर्ण नै ओष्ठ्य वर्ण हुन् । नेपाली भाषामा प्, फ्, ब्, भ्, म् , व् , आष्ठ्य वर्ण हुन् ।

**दन्त्य** : जिब्राको टुप्पाले माथिल्लो दाताँलाई छुँदा उच्चरित हुने वर्ण दन्त्य हुन् । नेपाली भाषामा दन्त्य वर्णहरू त्, थ्, द्, ध्, हुन् ।
**कण्ठ्य** : जिब्राको पछिल्लो भाग र कोमलतालुका सहायताले कण्ठ्यवर्णको उच्चारण हुने गर्दछ । नेपाली भाषामा कण्ठ्य व्यञ्जनवर्ण क्, ख्, ग्, घ्, ङ् हुन् ।
**वत्स्र्य** : जिब्राको अघिल्लो भागले वत्स्र्यलाई छोएर वत्स्र्य वर्ण उच्चरित हुने गर्दछ । नेपाली भाषामा च्, छ्, ज्, झ्, ट्, ठ्, ड्, ढ्, न्, र्, ल्, स् वर्ण वत्स्र्य हुन् ।
**तालव्य** : जिब्राको अघिल्लो भाग र कठोरतालुको सहायताबाट उच्चरित हुने वर्ण तालव्य हो । नेपाली भाषामा य् तालव्य वर्ण हो ।
**अतिकण्ठ्य** : जिब्राको फेद र स्वरयन्त्रको मुखको सक्रियताबाट उच्चरित हुने वर्ण अतिकण्ठ्य हो । नेपाली भाषामा ह् अतिकण्ठ्य ध्वनियुक्त वर्ण हो ।

**उच्चारण प्रयत्नका आधारमा**

व्यञ्जनवर्णको उच्चारण गर्दा श्वासप्रवाहमा के कस्तो परिवर्तन आउँछ र व्यञ्जनवर्णको उच्चारणमा उच्चारण अवयवहरू कुन स्थानमा के कसरी रहन्छन् त्यसका आधारमा वर्गीकरण गरिन्छ । नेपाली भाषाका व्यञ्जनवर्णहरूलाई उच्चारण प्रयत्नका आधारमा निम्नानुसार वर्गीकरण गरिन्छ ।
**स्पर्शी** : उच्चार्य अवयव परस्पर जोडिएर फोक्सोबाट सास निस्कँदा उच्चारक अङ्गमा दबाव भइ उच्चरित हुने वर्ण स्पर्शी व्यञ्जनवर्ण हुन् । नेपनली भाषामा स्पर्शी व्यञ्जनहरू क्, ख्, ग्, घ्, ट्, ठ्, ड्, ढ्, त्, थ्, द्, ध्, प्, फ्, ब्, भ् हुन् ।
**संघर्षी** : व्यञ्जनवर्ण उच्चारण हुँदा उच्चारण अवयवहरू एकआपसमा घर्षित भएर फोक्सोबाट निस्केको सास अवयवकाबीच घर्षित भएर निस्कन जान्छ । जसले गर्दा संघर्षी व्यञ्जनवर्णहरू उच्चरित हुन्छन् । नेपाली भाषामा संघर्षी व्यञ्जनवर्णहरू स्, ह् हुन् ।
**स्पर्शी संघर्षी** : उच्चार्य अङ्ग एकआपसमा छोइने, जोडिने घर्षण हुने स्थितिबाट स्पर्श संघर्षी व्यञ्जनवर्णहरू उच्चरित हुने गर्दछन् । नेपाली भाषाका स्पर्श संघर्षी वर्णहरू च्, छ्, ज्, झ् हुन् ।
**नासिक्य** : सास नाक र मुखबाट निस्केर उच्चरित हुने वर्णहरू नासिक्य वर्ण हुन् । नेपाली भाषामा यस्ता वर्णको उच्चारण फोक्सोबाट निस्केको हावा उच्चारण अवयवको स्पर्शबाट अवरुद्ध भई उच्चरित हुने गर्दछ । ङ्, न्, म् वर्णहरू नासिक्य वर्ण हुन् ।
**पार्श्विक** : जिब्राको चुचो परेको स्थानबाट हावा निस्केर उच्चरित हुने वर्णहरू नै पार्श्विक वर्ण हुन् । नेपाली भाषामा पार्श्विक वर्ण ल् हो ।
**प्रकम्पित** : जिब्रो चलायमान हूँदा थर्कनबाट उच्चरित हुने वर्ण नै प्रकम्पित वर्ण हुन् । नेपाली भाषामा प्रकम्पित वर्ण र् हो ।
**अर्धस्वर** : वर्णका केही विशेषता स्वरसँग त केही विशेषता वर्णसँग मिल्न जान्छ भने यस्ता वर्णहरू अर्धस्वर हुन् । नेपाली भाषामा यस्ता वर्णहरू छन् । य् , व् नेपाली भाषाका अर्धस्वर हुन् ।

**घोषत्वका आधारमा**

व्यञ्जनवर्णहरू वर्गीकरण गर्ने एक महत्वपूर्ण आधार घोषत्व हो । स्वरचिम्टीको कम्पनका आधारमा अर्थात् साँघुरिने र नसाँघुरिने अवस्थाका आधारमा नेपाली भाषाका व्यञ्जनवर्णहरूलाई वर्गीकरण गरिन्छ । व्यञ्जनको उच्चारणमा स्वरचिम्टी नजिकिने र यथास्थानमा रहनै गरी दुई अवस्था मध्ये घोषध्वनि र अघोषध्वनि उच्चरित हुन्छन् ( गौतम र चौलागाई , २०७०,पृ. ९४ ) । नेपाली भाषामा यस्ता घोषवर्ण र अघोषवर्णको स्थिति छ ।
**घोषवर्ण** : स्वरचिम्टी परस्पर साँघुरिएर फोक्सोबाट निस्किएको साससमा उच्चरित हुने वर्ण घोषवर्ण हुन् । नेपाली भाषामा यस्ता वर्णहरू ग्, ज्, ड्, द्, ब्, घ्, झ्, ढ्, ध्, भ्, ङ्, न्, म्, य्, र्, ल्, व्, छन् ।

**अघोषवर्ण** : स्वरचिम्टीहरू यथास्थानमा हुँदा वायुमार्ग नसाँघुरिएर फाक्सोबाट निस्किएको सास वाहिरिदा उच्चरित हुने व्यञ्जनवर्णहरू अघोषवर्ण हुन् । नेपाली भाषामा क्, च्, ट्, त्, प्, ख्, छ्, ठ्, थ्, फ्, स्, अघोष व्यञ्जनवर्ण हुन् ।

**प्राणत्वका आधारमा**

व्यञ्जनवर्णको उच्चारण गर्दा सासको मात्राका आधारमा समेत वर्गीकरण गरिन्छ । वर्णको उच्चारण गर्दा सासको मात्रा बढी खर्च हुने र सासको मात्रा कम खर्च हुने गर्दछ । यसका आधारमा व्यञ्जनवर्णलाई वर्गीकरण गरिन्छ । नेपाली भाषामा यस्ता वर्णहरू अल्पप्राण र महाप्राण प्रकृतिका छन् ।

**अल्पप्राण** : फोक्सोबाट निस्केको सासको कम मात्रा प्रयोग भएर उच्चरित हुने व्यञ्जनवर्णहरू अल्पप्राण हुन् । नेपाली भाषाका क्, च्, ट्, त्, प्, ग्, ज्, ड्, द्, ब्, ङ्, न्, म्, य्, र्, ल्, व्, अल्पप्राण व्यञ्जनवर्ण हुन् ।

**महाप्राण** : फोक्सोबाट निस्केको सासको बढी मात्रा प्रयोग भएर उच्चरित हुने व्यञ्जनवर्ण महाप्राण व्यञ्जनवर्ण हुन् । नेपाली भाषाका महाप्राण वर्णमा ख्, छ्, ठ्, थ्, फ्, घ्, झ्, ढ्, ध्, भ्, स्, ह्, पर्दछन् ।

**खण्डेत्तरवर्ण**

क टुक्राउन नमिल्ने वर्णको एकाइ खण्डेतर वर्ण हो । खण्डीकृत गर्न नसकिने ध्वन्यात्मक एकाइलाई खण्डेतर वर्ण (ध्वनि ) भनिन्छ ( गौतम र चौलागाई, २०७०, पृ. ९७ ) यस्ता खण्डेतर वर्णहरू मात्रा, अनुनासिकता, बलाघात, श्वसन, लय, संहिता/विराम, जस्ता छन् नेपाली भाषामा प्रयुक्त खण्डेत्तर वर्णहरूको वर्गीकरण र विश्लेषण यसप्रकार गरिएको छ ।

**मात्रा** : वर्णको उच्चारणमा लाग्ने समयावधिलाई मात्रा भनिन्छ । वर्णको उच्चारण गर्दा कतिपय वर्णहरूको उच्चारण लामो रूपमा हुने गर्दछ भने कतिपय वर्णहरूको उच्चारण छोटो रूपमा हुने गर्दछ । यही लामो र छोटो रूपको उच्चार्य अवस्था नै मात्रा हो । हामीले उच्चारण गर्ने कतिपय वर्णहरूको समय बढी लाग्छ भने कतिपय वर्णहरूको समय कम लाग्ने गर्दछ । वर्ण उच्चारणको यही समयावधिलाई मात्रा भनिन्छ । नेपाली भाषामा पनि मात्राका आधारमा ह्रस्व दीर्घ रूप रहेका छन् । उच्चारणमा कम समय लिने ह्रस्व र बढी समय लिने दीर्घ मात्रा हुन् । नेपाली भाषामा मात्राका आधारमा खण्डेत्तर वर्ण छन् :

| शब्द | मात्रा | अर्थ |
|---|---|---|
| दिन | इ( ह्रस्व ) | दिउसो |
| दीन | ई ( दीर्घ ) | दुः खी |

मात्रा खण्डेतर वर्णका चिन्ह ि , ी , ु , ू हुन् ।

**अनुनासिकता** : वर्णको उच्चारणमा मुखसँगै नाके विवरका सहायताले वर्णको उच्चारण हुन्छ भने त्यस्तो वर्ण अनुनासिक हो । मौखिक रूपमा उच्चरित हुने वर्ण मौखिक वर्ण हुन् भने नाके सहायताले उच्चरित हुने वर्ण नासिक्य वर्ण हुन् । नेपाली भाषामा यस्ता अनुनासिक वर्ण छन् । खण्डेतरवर्णका अनुनासिक चिन्ह ( ँ ) हुन् ।

| शब्द | अर्थ |
|---|---|
| गाउ | गाउने काम |
| गाउँ | स–सानो बस्ती गाउँ |

**बलाघात** : फाक्सोबाट निस्किने सासको मात्रा र वेगका आधारमा वर्णहरू उच्चारणहुँदा स्वरचिम्टी साँघुरो हुने गर्दछ । यसैलाई बलाघात खण्डेत्तरवर्ण भनिन्छ । बलाघात शब्दस्तरको, वाक्यस्तरको हुने गर्दछ । नेपाली भाषामा वाक्यस्तरको बलाघात हुने गर्दछ । ध्वनिको उच्चारण गर्दा सासको मात्रागत आधिक्य र तीव्र वेगका कारण पैदा हुने बलको आघातलाई बलाघात भनिन्छ (गौतम र चौलागाई , २०७०, पृ. ९९ ) । नेपाली भाषामा देखिएको वाक्यस्तरको बलाघात यसप्रकारको हुने गर्दछ ।

| | |
|---|---|
| उसले घाम <u>तात्यो</u> ? | तात्ने काम गरेको भन्ने अर्थ प्रस्तुत गरेको |
| <u>उसले</u> घाम तात्यो ? | अरूलाई होइन उसले मात्र उसलाई जोड दिएको |

उसले घाम तात्यो                    घाम तापेको हो अरू होइन घामलाई मात्र जोड

नेपाली भाषामा बलाघातको चिह्न–प्रयोग हुने गर्दछ।

**श्वसन** : खण्डीयवर्ण उच्चारण गर्दा लाग्ने समय र सासको अतिरिक्त प्रयोगावस्था नै खण्डेतरवर्ण श्वसन हो । श्वसनलाई नेपाली भाषामा विसर्ग चिन्हका आधारमा चिनाउने गरिन्छ भने यसको ध्वन्यात्मक रूपजस्तो सुनिन्छ। नेपाली भाषामा देखिने खण्डेत्तर श्वसनवर्णको ध्वनिगत संरचना मूलतः अतः शब्दमा देखिएको विसर्ग चिह्न प्रयागले जनाउने गर्दछ।

**लय** : यो साङ्गीतिक झङ्कारसँग सम्बन्धित हुन्छ। वर्णको उच्चारणमा सासको उतारचढाव हुँदा लय सिर्जना हुने गर्दछ । लयको सम्बन्ध मात्रा र सुरसँग हुन्छ । भाषामा अभिव्यक्तिलाई सुमधुर बनाउन लयको प्रयोग हुने गर्दछ। यसमा अभिव्यक्तिगत आरोहअवरोह सामान्य अवस्था भन्दा भिन्न हुन्छ।

**विराम/संहिता** : वर्ण उच्चारण गर्दा विरामको स्थिति सिर्जना हुनेहुँदा र संहिताको स्थिति सिर्जना हुँदा अर्थमा पर्ने प्रभावका आधारमा विराम/संहिता खण्डेत्तरवर्ण निर्धारण हुन्छ। नेपाली भाषामा स्थिति रहेको छ।

दोकान खुला छ।          ( पसल खुला हुने काम)
दो कान खुला छ।         ( दुई कान )
बाटो बन्दछ             ( बाटो बन्ने काम)
बाटो बन्द छ।           ( बाटो बन्द गरिएको छ )

**निष्कर्ष**

संसारमा बोलिने भाषाहरूमा वर्णव्यवस्था हुने गर्दछ। ती वर्णव्यवस्थाको भाषावैज्ञानिक आधारले अध्ययन हुने गर्दछ । नेपाली भाषा नेपाल लगायत विश्वका भुटान, भारतजस्ता देशहरूमा बोलिने प्रयोग गरिने भाषा हो । नेपाली भाषाको वर्णव्यवस्थाका बारेमा भाषावैज्ञानिक आधारमा अध्ययन गर्नुपर्दा खण्डीय र खण्डेत्तरवर्णमा आधारित हुनुपर्छ । खण्डीय वर्णअन्तर्गत स्वरवर्ण, द्विस्वरवर्ण र व्यञ्जनवर्ण हुन् । खण्डेतरवर्ण अन्तर्गत मात्रा, बलाघात, अनुनासिकता, श्वसन, लय, विराम/संहिता हुन् । नेपाली भाषामा स्वरवर्णहरू ६ वटा छन् भने व्यञ्जनवर्णहरू २९ वटा छन्। द्विस्वरवर्ण अइ, आइ, उइ, एइ, ओइ, अउ, आउ, इउ, एउ, ओउ गरी १० वटा छन्। जुन वर्णलाई टुक्राएर अर्थात् छुट्याएर अध्ययन गर्न सकिन्छ भने त्यो खण्डीयवर्ण हुन्छ। जुन वर्णलाई टुक्राउन सकिँदैन एवम् खण्डीयवर्णसँग टाँसिएर आउने गर्दछन् त्यस्ता वर्ण खण्डेत्तरवर्ण हुन्। नेपाली भाषामा यस्ता वर्णहरू मुख्य गरी ६ वटा छन्। यिनै खण्डीय र खण्डेत्तरवर्णको वार्णिक व्यवस्थामा नेपाली भाषाको संरचना निर्माण भएको छ। खण्डीय स्वरवर्ण आक्षरिक हुन्छ भने व्यञ्जनवर्ण अनाक्षरिक हुने गर्दछ। खण्डीयवर्णको सहायतामा खण्डेतरवर्ण प्रयोग हुने गर्दछ।

**सन्दर्भसामग्री सूची**

अधिकारी , हेमाङगृराज (२०५७), *समसामयिक व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।
अधिकारी , हेमाङ्गराज (२०६८), *प्रयोगात्मक नेपाली व्याकरण* , काठमाडौँ : साझा प्रकाशन।
गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन।
तिवारी, भोलानाथ ( सन् १९७६ ), *आधुनिक भाषाविज्ञान* , दिल्ली : लिपि प्रकाशन।
न्यौपाने, टंकप्रसाद (२०५१), *भाषाविज्ञानको रूपरेखा,* धरान : नेपाल बुकडिपा।
पोखरेल, माधवप्रसाद (२०५४), *ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनि परिचय* , काठमाडौँ : नेराप्रप्र।
यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५९), *भाषाविज्ञान* , कीर्तिपुर : न्यू हिरा बुक्स इन्टरप्राइजेज।
शर्मा, मोहनराज (२०५७), *शब्दरचना र वर्णविन्यास* , काठमाडौँ : नवीन प्रकाशन।
शर्मा , रामकिशोर ( सन् २०१०), *भाषा चिन्तनके नये आयाम,* इलाहावाद : लोकभारती प्रकाशन।
Allen, w. s. (1953) *Phonetics in Ancient*, India: Oup.
Bllom, field ( 1993 ) *Language* , New York : Holt Rinehrt and Winston.